मिति २०८२ साल आषाढ ०७ गते वसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका ३४ औ वैठकका निर्णयहरु।

टिकाराम खड्का
नगर प्रमुख

प्रस्तावहरुः

१. तुलसीपुर उपमहानगरपालिकाको "आर्थिक विधेयक, २०८२" माथि छलफल।
२. आ.व २०८२/८३ को वजेट तथा कार्यक्रममाथि छलफल।
३. नयाँ "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धमा।
४. श्री आधारभूत विद्यालय लोहाडवरा तुलसीपुर १४ को जग्गा दा.खा का लागि सम्वन्धित निकायमा सिफारिस गरिदिने सम्वन्धमा।
५. सिनेमा पर्यटन विशेष संवाद कार्यक्रमको लागि आर्थिक सहयोग सम्वन्धमा।
६. त्रिवेणी टोल विकास संस्थाको रकम भुक्तानी सम्वन्धमा।
७. सिफारिस सम्वन्धमा।

निर्णयहरुः

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको आ.व २०८२/८३ मा राजश्व संकलन गरी आन्तरिक आयको प्रक्षेपणको लक्ष्यलाई पूरा गर्न राजश्व परामर्श समितिले "आर्थिक विधेयक, २०८२" तर्जुमा गरी कार्यपालिकामा पेश गरेकोमा, सो "आर्थिक विधेयक, २०८२" कार्यपालिकावाट स्वीकृत गरी नगरसभामा अनुमोदनको लागि पठाउने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको आ.व २०८२/८३ को "वार्षिक वजेट तथा कार्यक्रम" माथि छलफल गरी, आवश्यक संशोधन सहित अर्को वैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४ मा उल्लेख भए वमोजिमको आवश्यक कागजात सहित पेश भएका तपसिल वमोजिमका निर्माण व्यवसायीलाई कार्यविधिको दफा २ वमोजिम निर्माण व्यवसायी इजाजतपत्र प्रदानका लागि अनुमति दिने निर्णय गरियो।

तपसिल

| क.स | फर्मको नाम | ठेगाना | प्रोपराइटर |
|---|---|---|---|
| १. | नौलो शुभारम्भ कन्सट्रक्शन एण्ड सप्लायर्स | तुलसीपुर २ दाङ | श्री धनवहादुर वली |
| २. | राइजिङ शूर्यवंशी कन्स्ट्रक्शन एण्ड फर्म | तुलसीपुर ६ दाङ | श्री मोहनलाल खत्री |

टिकाराम खड्का
नगर प्रमुख

मिति २०८२ साल असाढ ०७ गते वसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका ३४ औ बैठकका निर्णयहरु।

टिकाराम खड्का
नगर प्रमुख

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा तुलसीपुर १४ खौसापुर दाङमा रहेको श्री आधारभूत विद्यालय लोहाडबराको विद्यालय भवन रहेको जग्गा, सोहि विद्यालयको नाममा दा.खा गर्न मालपोत कार्यालय तुलसीपुर दाङ, नापी कार्यालय तुलसीपुर दाङ, भुमिसुधार तथा मालपोत कार्यालय घोराही दाङ र जिल्ला प्रशासन कार्यालय घोराही दाङमा सिफारिस गरिदिने भनि निर्णय गरियो।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा सिनेमा पर्यटन विशेष संवाद कार्यक्रमको लागि चलचित्र पत्रकार संघ नेपाल, दाङ शाखालाई कार्यक्रम सञ्चालनका वखतको खाना, नास्ता र आवास वापत हुन आउने रकम रु ५०,३०७ (अक्षरेपी रु पचास हजार तिन सय सात रुपैया मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका वडा नं ११ त्रिवेणी टोल विकास संस्थाले भुलवस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको खातामा रु ९,७१० (अक्षरेपी रु नौ हजार सात सय दश रुपैया मात्र) रकम जम्मा भएको र सो रकम निज संस्थाले तिर्नुपर्ने कुनै राजश्व रकम नभएको हुदा उक्त रकम त्रिवेणी टोल विकास संस्थाको नाममा भुक्तानि गरिदिने भनि निर्णय गरियो।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका वडा नं १५ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि आवश्यक वजेट उपलब्ध गराइदिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

टिकाराम खड्का
नगर प्रमुख